**प्रस्तावना**

महावु गाउँपालिकामा मदिरा, लागु औषध तथा जुवा तासको कारण घरेलु हिंसा, दिनानुदिन झैझगडाहरू भै सामाजिक सद्भाव समेत खल्वलिने भएको हुदा, महावु गाउँपालिका क्षेत्र भित्र मदिरा, लागु औषत ओसार पसार विक्री वितरण, उत्पादन जस्ता क्रियाकलापहरू लाई निषेध गरी घरेलु हिंसा लगायत सामाजिक सद्भाव कायम राख्न आवश्यक देखिएकाले स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार महाबु गाउँपालिका मदिरा, लागु औषत तथा जुवा तास निषेध कार्यविधि तयार गरिएको छ ।

<u>**परिच्छेद-१**</u>

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम "**महावु गाउँपालिका मदिरा, लागु औषत तथा जुवा तास निषेद कार्यविधि २०७५**" रहेको छ ।

२. यो कार्यविधि महावु गाउँपालिका कार्यपालिकाको वैठकले पारित गरेपछि तुरून्त लागु हुनेछ ।

३. यो कार्यविधि महावु गाउँपालिका क्षेत्र भित्रमात्र लागु हुनेछ ।

**परिभाषा -**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

- "कार्यक्षेत्र" भन्नाले महावु गाउँपालिकाको सम्पुर्ण भु-भागलाई जनाउने छ ।
- "समिति भन्नाले" महावु गाउँ तेस्रो सभाले निर्माण गरिएको मदिरा, लागु औषत तथा जुवा तास निषेद समितिलाई सम्झनु पर्नेछ ।
- "वडा समिति" भन्नाले प्रत्येक वडामा गठित समितिलाई सम्झनु पर्नेछ ।

<u>**परिच्छेद-२**</u>

**मदिरा, लागु औषत तथा जुवातास निषेधको उदेश्य**

१. समाजमा हुनेगरेका घरेलु हिंसा सामाजिक विकृति र विसंगतिको अन्त्य गरी सभ्य समता मुलक समाज निर्माण गर्न सामाजिक सद्भाव कायम राख्न र आर्थिक सम्वृदिको महान अभियानमा टेवा पुऱ्याउन सहयोग हुनेछ ।

## परिच्छेद-३

**मदिरा, लागु औषद  तथा जुवातास सम्बन्धी व्यवस्था**

१. महावु गाउँपालिकाका ६ वटै वडामा घरेलु तथा उच्चकोटीको मदिरा उत्पादन खरिद विक्री ओसार पोसार पोसार गर्न पाइने छैन ।

२. महाबु गाउँपालिका भित्र अवैध मदिरा, लागु औषत ओसार पसार विक्री वितरण तथा जुवातास खेल्न पुर्ण रूपमा निषेश गरिनेछ ।

३. महावु गाउँपालिकामा यो कार्यविधि लागु भए देखि उच्च कोटीको मदिरा सेवन र लागु औषत विक्रि वितरण गर्न पाईने छैन र विक्री वितरणको लाइसेन्सको सिफारिस कुनै पनि वडा कार्यालय बाट गरिने छैन ।

४. महाबु गाउँपालिका क्षेत्र भित्र जुवातास लाई निषेध गरिनेछ ।

## परिच्छेद-४

**कार्यविधिमा अवलम्बन गर्नुपर्ने**

१. महावु गाउँपालिका क्षेत्रभित्र कुनैपनि व्यक्तिले घरेलु तथा उच्च कोटीको मदिरा तथा लागु औषत उत्पादन विक्री वितरण गर्न पाइने छैन । कुनै पनि व्यक्तीले घरेलु तथा उच्चकोटीको मदिरा, लागु औषत तथा जुवातास विक्री वितरण गरेको पाइएमा उक्त मदिरा तथा लागु औषत नियन्त्रण गरिनेछ र उक्त मदिरातथा लागु औषत समितिको रोहवर नष्ट गरिनेछ । मदिरा तथा लागु औषत विक्री वितरण गर्ने व्यक्तिलाई पहिलो पटक रू३००० (अक्षेररूपीः तिनहजार रूपैयमामात्र) पटकै पिच्चे दोब्बर  जरीवना गरिनेछ ।

२. मदिरा, सेवन गरि हो हल्ला गर्ने व्यक्तिलाई रू१०००।०० (अक्षेररूपीः एक हजार रूपैमामात्र) जरीवना गरिनेछ । पटकै पिच्चे दोब्बर जिरवना गरिनेछ ।

३. सार्वजनिक पदधारण गरेका कुनै पनि व्यक्तिले मदिरा सेवन गरि हो हल्ला गरेको पाइएमा पहिलो पटक रू.५०००।०० (अक्षेररूपीः पाँचहजार रूपैमा मात्र) जरीवना गरिनेछ । पटकै पिच्छे दोहोरीएमा दोब्बर जरीवाना गरिनेछ ।

४. जुवातास खेल्ने खेलाउने र लागु औषत को अवैध धन्दा गर्ने व्यक्तिलाई कानुन अनुसार कारवाहि गरिनेछ ।

## परिच्छेद-५

## समितिको कार्य समिति सम्बन्धि ब्यवस्था

१. महावु गाउँपालिका क्षेत्र भित्र मदिरा लागु औषत सेवन तथा जुवातास निषेद गर्नका लागि महावु गाउँपालिकाको तेस्रो गाउँसभा निर्माण गरिएको समितिलाई जिम्मेवारी दिईनेछ ।

२. यस समितिले प्रत्येक वडामा मदिरा, लागु औषत तथा जुवातास निषेद समिति गठन गर्नु पर्नेछ । उक्त समिति टोल स्तर सम्म गठन गर्नु पर्ने छ ।

## परिच्छेद-६

## समितिको काम कर्तब्य र अधिकार

**मदिरा नियन्त्रण समिति महाबु गाउँपालिकाले सम्पादन गर्ने क्रियाकलापहरू,**

१. महाबु गाउँपालिकाले लागु औषत तथा मदिरा एवं मदिराजन्य पदार्थको उत्पादन, विक्रि वितरण नियमन तथा हानिकारक सेवन नियन्त्रण सम्बन्धी स्थानिय स्तरको कार्ययोजना तयार गर्ने ।

२. गाउँपालिकावाट संचालन गरिने सम्पुर्ण तालिम पाठ्यक्रममा लागु औषत निषेध तथा मदिरा उत्पादन, विक्री वितरणमा नियमन तथा हानिकारक सेवनमा नियन्त्रणको विषय अनिवार्य रूपमा समावेश गर्ने ।

३. लागु औषत निषेध तथा मदिरा सेवनका लागि सवै स्थानिय तहमा सरोकारवाला हरूको सहभागितामा वडा स्तरिय लागु औषत,मदिरा तथा जुवातास निषेध सम्बन्धि सचेतना अभियान समिति गठन गरि परिचालन गर्ने ।

४. गाउँपालिकाका जन प्रतिनिधिहरू तथा प्रमुख प्रशासकिय अधिकृतहरूले मदिरा तथा लागु औषतको दुर्व्यसन बाट हुन सक्ने सवै किसिमका नोक्सानका वारेमा छुट्टा छुट्टै अभिमुखिकरण/अन्तरक्रिय कार्यक्रम सञ्चालन गर्ने ।

५. मदिरा, लागु औषत सेवन तथा जुवातास निषेध समितिको नेतृत्वमा यस क्षेत्रमा काम गर्ने गै.स.स., आमा समुह, स्वयंसेवि महिला, युवा तथा वालक्लव लगायतका संघ संस्थाहरू र सरकारी निकायहरूको साझेदारि सहयोग र समन्वयमा लागु औषत निषेध तथा मदिरा सेवन नियन्त्रण सम्बन्धि र्यालि, सभा, गोष्टी र छलफल जस्ता कार्यक्रमहरू गरि सचेतना अभियान संचालन गर्ने ।

६. सवै वडा समितिले स्वस्थ्य, सभ्य र अपराध मुक्त समाज निर्माणमा वाधा पुर्याउने मदिरा सेवन एवं लागु औषत दुर्व्यशनको नियन्त्रण र अन्य समाजिक कुरिती/विकृति अन्त्य गर्न लागु औषत तथा

मदिरा सेवन नियन्त्रण सम्बन्धि स्थानिय तहले मदिरा, लागु औषत तथा जुवातास निषेध सम्बन्धि योजना, कार्यक्रम तथा बजेट ब्यवस्था गरि कार्यान्वयन गर्ने ।

७. स्थानिय तहमा मदिरा सेवन तथा लागु औषत दुर्व्यसनवाट पर्ने असर झल्किने सडक नाटक प्रदशन तथा संगितिक कार्यक्रम आदि प्रदर्शन गर्ने ।

८. मदिरा तथा लागु औषत अपराध निषेध सम्बन्धमा स्थानिय सञ्चार माध्याम संगको साझेदारिमा सचेतना मुलक कार्यक्रम संचालन गर्ने ।

९. विमानस्थल, बसपार्क तथा राजमार्गमा मदिरा तथा लागु औषत निषेध सम्बन्धि विधुतिय माध्यमवाट चेतनामुलक तथा सन्देश मुलक सुचान निरन्तर Display प्रसारण गर्ने ।

१०. प्राकृतिक तथा ब्यबशायीक रूपमा गाँजा तथा अफिम खेति हुने स्थानको पहिचान गरि जन सहभागितामा नष्ट अभियान संचालन गर्ने ।

११. सडक वालवालिकाहरूलाई लागु औषत अपराधमा संलग्न हुन नदिन यिनिहरूको पहिचान उद्दार व्यबस्थापन गर्ने ।

१२. सवै वडा समितिले लागु औषत अपराधको सुचना संकलन तथा आदान प्रदान गर्ने ।

१३. प्रत्येक वडा कार्य समितिले आफ्ना क्षेत्र भित्रका विद्यालयका शिक्षक तथा प्राचार्यहरूका लागि लागु औषतको दुर्व्यशन तथा मदिरा सेवन निषेध सम्बन्धि अनुशिक्षण कार्यक्रम संचालन गर्ने ।

१४. मदिरा निषेध तथा लागु औषत निषेध सम्बन्धि स्थानिय कार्यायोजना बमोजिमका अन्य कार्यहरू गर्ने ।

१५. महाबु गाउँपालिकाको क्षेत्र भित्र जुवातास निषेध सम्बन्धि कार्यक्रम अभिमुखिकरण गर्ने ।

## परिच्छेद-७

## कोष संचालन सम्बन्धि ब्यवस्था

१. मदिरा उत्पादन विक्रि वितरण ओशार पसार मदिरा सेवन गरे वापत जरिवाना वाट प्राप्त रकम जम्मा गर्न छुट्टै सामाजिक कोष खडा गरिने छ ।

२. कोषको संचालन स्थानिय सरकार संचालन ऐन २०७४ असारनै हुनेछ ।

३. दण्ड जरिवाना प्राप्त रकम जेष्ठ नागरिक असहाय अनाथ अपाङ्ग एकल महिला र दिर्घ रोगिहरूको क्षेत्रमा मदिरा निषेध, लागु औषत तथा जुवातास निषेध समितिको सिफारिसमा कार्यापालिकाको वैठकको निर्णय अनुसार खर्च गर्न सकिने छ ।